Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## सिरहा

प.सं.२०८०/८१
च.नं.

### कृषि सडक निर्माण कार्यक्रम संचालन सम्वन्धी प्रस्ताव आवह्यनको सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०८०/१०/०२ गते

कृषि क्षेत्रमा अनुदान परिचालन कार्याविधि, २०७६ (संशोधन सहित) र कृषि सडक निर्माण कार्यक्रम प्राबिधिक मापदण्ड तथा संचालन विधि २०८० मा व्यवस्था भए बमोजिम कृषि ज्ञान केन्द्र सिरहाको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ईच्छुक स्थानिय तह, उपभोक्ता समिति, कृषि उत्पादनमा संलग्न फर्म/उधमीको साझेदारीमा कृषि सडक कम्तीमा १३ फिट देखि अधिकतम २४ फिट सम्म चौडाई भएको निर्धारित लम्वाईमा माटो र ग्रेभल बाटो निर्माणको लागि तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी प्रथम पटक प्रकाशित मितिले १५ औं दिन भित्र (मिति २०८०/१०/१६ गते सम्म) यस कार्यालयमा आवश्यक कागजात सहितको आई पुग्ने गरी खामबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। अधुरो र अपूर्ण वा रितपूर्वक नभएको आवेदन फारम स्वतः रद्द हुनेछ। यस सम्बन्धमा थप जानकारी र आवेदन पत्रको ढाँचा यस कार्यालयको बेभसाइट akcsiraha.P2.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**पेश गर्नु पर्ने विवरण र कागजातहरुः**

- कृषि सडक निर्माण अनुदान माग गर्ने आयोजनाको प्रस्ताव फारम नं २ अनुसार विवरण भरेको आवेदन फारम (आवेदन फारममा रु.१०।को हुलाक टिकट टाँसेको)।
- आयोजनाको प्रस्तावमा उदेश्य, औचित्य, सम्भाव्यता, जग्गा स्वामित्वको किसिम, सेवा प्राप्त हुने क्षेत्रफल, लाभग्राही, आयोजनाको शुरु र अन्तिम बिन्दु खुल्ने GPS code सहितको सामान्य फूल साईजको कम्प्यूटर प्रिन्ट वा ब्लु प्रिन्ट नक्शा तथा मुख्य मुख्य कृयाकलापहरु सहितको संक्षिप्त विवरण भएको हुनु पर्ने।
- आयोजनाको लागत अनुमाणमा साझेदारी अंश (न्यून्तम १५% हुनुपर्ने) र श्रोत खुलाउनु पर्ने।
- कृषि सडक निर्माण हुने जग्गामा नेपाल सरकारको नियमानुसार बाटो कायम रहेको अवस्थामा बाटो कायम भएको प्रमाणित नक्शा पेश गर्नु पर्ने। नयाँ निर्माण गर्नु पर्ने कृषि सडकको हकमा बाटो निर्माण हुने जग्गामा जग्गा धनीपुर्जा, नागरीकताको फोटोकपी तथा जग्गाधनीहरुले निर्णय गरेको माइनुट कपीमा स्थानीतहबाट प्रमाणित भएको कागजातहरु पेश गर्नु पर्नेछ।
- उपभोक्ता समितिको हकमा योजनाका लाभग्राहीहरुको आमभेलाले नियमानुसार उपभोक्ता समिति र आन्तरिक अनुगमन समिति गठन गरेको निर्णयको प्रतिलिपी, पदाधिकारीहरुको नागरिक्ताको प्रतिलिपी र सम्बन्धित स्थानिय तहबाट प्रमाणिकरण।
- कृषि उत्पादनमा संलग्न फर्म/उधमीको हकमा दर्ता र नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नं. लिएको प्रमाणपत्रको प्रतिलिपी, गत आ.व.को करचुक्ता प्रमाण, आवेदन दर्ता गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी तथा अख्तियारी पत्र।
- स्थानिय तह वा उपभोक्ता समिति वा साझेदारी फर्म/कम्पनीको हकमा अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी ।
- प्रस्तावित जग्गामा कृषि सडक निर्माण गर्न स्वीकृति दिएको र निर्णाम पश्चात कृषि सडकको लगत कट्टा गराउने प्रतिवद्धताको ब्यहोरा खुलेको स्थानिय तहको सिफारिश पत्र।
- यस कार्यालयले आबश्यक ठानेमा छनौट वा सम्झौता चरणमा आयोजना निर्माण सम्बन्धि थप कागजातहरु जस्तै साझेदारी अंशको श्रोत खुलेको प्रमाण, उपभोक्ता समितिको थप विवरण, प्रस्ताबित स्थलमा कृषि सडक निर्माण गर्नुको आवश्यकता र औचित्य खुलेको सम्बन्धित सिफारिश पत्र आदी माग गरेमा पेश गर्नु पर्नेछ। ती कागजात बुझाउन नसके छनौट वा सम्झौता गरिनेछैन।
- दर्ता भएका प्रस्तावहरु कार्यालयमा खोलिए पछि कागजातहरु अध्ययन तथा स्थलगत निरिक्षण गरी मूल्याँकन पश्चयात छनौट गरिन्छ।
- थप जानकारीको लागि यस कार्यालयका अधिकृत सातौं श्री परमानन्द चौधरी (मो.नं.९८५२८८०५०१), अधिकृत छैठो श्री नथुनी यादव (मो.नं.९८५२८५०६०५), अधिकृत छैठो श्री रामकरण यादव (मो.नं.९८५२८८०५०५) लाई सम्पर्क गर्नुहुन अनुरोध छ।

..............................
नरेन्द्र कुमार महासेठ
प्रमुख